मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २२ गते बिहीबार ❑ 5 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## गण्डकी प्रदेश सरकारले कृषि, पर्यटन, पूर्वाधार र सुशासनलाई प्रथामिकता दिने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

गण्डकी प्रदेश सरकारले कृषि, पर्यटन, पूर्वाधार र सुशासनलाई प्रथामिकता दिदै आउँदो आर्थिक बर्षको २०८२/०८३ लागि नीति तथा कार्यक्रममा ल्याउने भएको छ।

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले बुधबार प्रदेश सभा बैठकमा प्रदेशको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यस बर्ष केही नयाँ बाहेक अन्य पुरानै कार्यक्क्रम दोहोर्‍याउनु भएको हो । एक निर्वाचन क्षेत्र एक प्रविधिमैत्री स्मार्ट कृषि फार्म, जलवायु अनुकूलन सिँचाइ विशेष कार्यक्रम, घरेलु मदिराको ब्राण्डिङ र गाँजा खेती बैध बनाउनेदेखि एक निर्वाचन क्षेत्र एक नुमना होमस्टे कार्यक्रमलाई प्रबर्द्धन गरिने भएको उहाँले प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्क्रममा उल्लेख छ।

पोखराको ब्राण्डिङका लागि पोखरा जाऔँ, प्रकृति र संस्कृतिसँग रमाऔं तथा राउण्ड फेवा, भ्यू फेवा कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने प्रदेश प्रमुख भट्टले उल्लेख गर्नुभयो । त्यसै गरी गण्डकी प्रदेशको पर्यटन विकास र प्रवर्द्धन गर्न पर्यटकीय राजधानी घोषणा अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमका कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा समेटिएको छ । लुम्बिनीदेखि मुक्तिनाथ हुँदै कैलाश पर्वत जोड्ने गरी यो मार्गको सम्भाव्यता अध्ययन गर्ने प्रदेश सरकारले योजना बनाएको छ । मुस्ताङमा उच्च उचाइमा खेल तालिम केन्द्र स्थापनादेखि एक घर, एक धारा कार्यक्रम, गण्डकीले विद्युतीय चुल्हो र सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने नीति तथा कार्यक्क्रममा समेटिएको छ।

मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम मार्फत प्रतिभाशाली युवाहरूलाई नीति निर्माण र कार्यान्वयनमा संलग्न गराउने सरकारले नीति लिएको छ भने युवा र विद्यार्थीहरूलाई प्रविधिमा दक्ष बनाउन डिजिटल गण्डकी प्रदेश कार्यक्रम संचालन गरिने भएको छ । विगत २ वर्षदेखि सुरु भएको फ्राइडे फर फ्युचर कार्यक्रमलाई निरन्तरता दिइएको छ भने सरकारले आगामी वर्ष मुस्ताङको मुक्तिनाथ पुग्ने मुक्तिमार्गको सम्भाव्यता अध्ययन गर्ने भएको छ । पूर्ण संस्थागत सुत्केरीयुक्त प्रदेश अभियानलाई निरन्तरता, नसर्ने रोगको स्क्रिनिङ र उपचारको व्यवस्था, सिक्दै कमाउँदै, कमाउँदै रमाउँदै, ठूला अगुवा, आवासीय विद्यालय कार्यक्रमको प्रभावकारीता बढाउने सरकारले नीति लिएको छ । गण्डकी प्रदेश सरकारले दोस्रो पञ्चववर्षीय योजना मार्फत "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी" को सोच अनुरूप प्रदेश विकास तथा रूपान्तरणका १४ वटा प्रमुख क्षेत्र पहिचान गरिएको छ । यस योजनाले नेपालको संविधान, दीर्घकालीन सोच, सोह्रौं योजनाको लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिलाई प्राथमिकतामा राखेको प्रदेश प्रमुख भट्टले प्रस्तुत गरेको नीति तथा कार्यक्क्रममा उल्लेख छ । शासन सञ्चालनको क्रममा प्राप्त र अनुभव, प्रदेशको आन्तरिक आय एवम् वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई मध्यनजर गरी प्रदेश सरकारका संरचनालाई चुस्त बनाउन गठित प्रशासनिक पुनर्संरचना तथा दरबन्दी पुनरावलोकन समितिको सुझावका आधारमा प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइने भएको छ।

गण्डकी प्रदेश सभाले हालसम्म ७८ वटा ऐन जारी गरेको छ भने प्रशासनिक प्रक्रिया र विकास व्यवस्थापनलाई सहजीकरण गर्न प्रदेश सरकारले आवश्यकता अनुसार कानुनी प्रबन्ध मिलाई संविधान प्रदत्त एकल र साझा अधिकारका विषय कार्यान्वयन गर्दै आएको छ। आयोजना तर्जुमा तथा बजेट बाँडफाँट प्रक्रियालाई सन्तुलित र औचित्यपूर्ण बनाउन प्रदेश आयोजना बैंक सूचना प्रणाली कार्यान्वयनमा ल्याइएको उहाँले उल्लेख गर्नु भयो। यो प्रणालीको कार्यान्वयनबाट आवश्यकता, सम्भाव्यता र प्राथमिकताका आधारमा आयोजनाको माग, प्राथमिकीकरणरस्रोतकोसुनिश्चितता पश्चात मात्र आयोजना छनौट हुने प्रक्रियाको सुरुवात गरिएको प्रदेश प्रमुख भट्टले रूग्ण र समस्याग्रस्त आयोजनाको विद्यमान अवस्था र भावी कार्यदिशा सम्बन्धमा अध्ययन प्रतिवेदनको सुझाव अनुसार प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लगिने उल्लेख गर्नुभयो। प्रदेशका कुल ९९.५४ प्रतिशत घरधुरीमा विद्युत सुविधा पुगेको उल्लेख गर्दै उहाँले विद्युत सेवा विस्तार र स्तरोन्नतिका नियमित कार्य भैरहेको जनाउदै एक घर-एक धारा कार्यक्रम अन्तर्गत हालसम्म करिब १ लाख ५२ हजार वटा निजी धारा जडान गर्ने कार्य सम्पन्न भएको जनाउनुभयो। प्रदेशभित्र करिब ९ सय ३० किलोमिटर पक्की र ७ सय किलोमिटर सडक ग्राभेल गरिएको छ भने १ सय १० वटा सडक पुल तथा ८४ वटा झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न भएका छन् । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि तय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीको नीति तथा कार्यक्रम अन्तर्गत खेलकुदमा पुरानै घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

गण्डकी प्रदेश सरकारले पटकपटक नीति, कार्यक्रम र बजेटमा घोषणा गरेका महत्त्वपूर्ण खेल पूर्वाधारका योजना कार्यान्वयनमा आउन सकेका छैनन् । निर्माण सुरू हुन नसकी अलपत्र रहेका ती योजनालाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा भने बर्सेनि प्राथमिकताकासाथ समावेश गर्ने गरिएको छ।

बुधबार सार्वजनिक आगामी आव २०८२/०८३ को नीति तथा कार्यक्रममा पनि तिनै खेल पूर्वाधार निर्माणको घोषणाले निरन्तरता पाएको छ। खेलकुद प्रवर्द्धन गर्न पूर्वाधार निर्माण, खेलाडी सम्मान र खेल पर्यटनको विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सङ्घ, प्रदेश र स्थानीय तहबीचको साझेदारीमा मुस्ताङमा उच्च पर्वतीय रङ्गशाला निर्माणलाई अगाडि बढाउने जनाएको छ । प्रदेश सरकारले आव २०७५/७६ मै मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा उक्त रङ्गशाला बनाउने घोषणा गरेको थियो । जसलाई सङ्घ सरकार लेसमेत आगामी आवको बजेटमा समावेश गरेको छ। प्रदेश सरकारले घोषणा गरेकै वर्ष आयोजनाको प्राविधिक अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) का लागि रू एक करोड बजेट छुट्याएको थियो। प्रदेश गौरवको आयोजनाका रूपमा रहेको सो आयोजनामा बर्सेनि छुट्टिने बजेट कामै नभई 'फ्रिज' हुने गरेको छ । जग्गा प्राप्तिमा भएको ढिलासुस्तीले रङ्गशाला निर्माणको योजना सुस्ताएको प्रदेश सरकारको भनाइ छ। प्रसिद्ध मुक्तिनाथ मन्दिरको दक्षिणपट्टी छिङ्गुरमा जग्गा व्यवस्थापनको काम भइरहेको जनाइएको छ । थोरङ्ग भञ्ज्याङ जाने मार्गको ३७ सय मिटरभन्दा बढीको उचाइमा छिङ्गुर क्षेत्र पर्छ। उक्त रङ्गशालामा फुटबल मैदान, कभर्डहलदेखि आवश्यक खेल पूर्वाधार बन्ने जनाइएको छ। आगामी आवको नीति तथा कार्यक्रममा प्रदेशमा क्रिकेट रङ्गशाला निर्माणको पनि घोषणा गरिएको छ । उक्त घोषणा पनि नयाँ भने होइन। प्रदेश सरकारले गौरवको आयोजनाका रूपमा समेटेको क्रिकेट रङ्गशाला पनि जग्गाकै कारण अन्योलमा परेको छ। पोखरा महानगरपालिका-३३ पशुपतिघाटमाअन्तरराष्ट्रियस्तरको क्रिकेट रङ्गशाला निर्माणको पहल विसं २०७१ देखि नै सुरू भएको थियो । प्रदेश सरकार बनेपछि लाखौँ खर्चेर रङ्गशालाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पनि तयार पारियो।

रङ्गशाला निर्माणको काम सुरू हुन सकेन । रेखदेख र संरक्षण नहुँदा रङ्गशालाको जग्गा नदी कटानको जोखिममा परेको छ । पशुपतिघाटमा रङ्गशाला बनाउने योजना अलपत्र छाडेर प्रदेश सरकार अहिले नयाँ जग्गाको खोजीमा लागेको छ। पशुपतिघाटमा रङ्गशालाको योजना दिगो हुने नदेखिएपछि विकल्प खोजिएको प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ।

क्रिकेटको गन्तव्य सहरका रूपमा विकास गर्न पोखरामा अन्तरराष्ट्रिय मापदण्डको रङ्गशाला चाहिने खेल क्षेत्रको पदाधिकारीहरूको माग छ । क्रिकेट रङ्गशालाका लागि रू एक अर्ब ३६ करोड लागत लाग्ने अनुमान गरिएको छ । विस्तृत परियोजना प्रतिवेदनमा १८ हजार दर्शक क्षमताको प्यारापिटसहित टि-२०, एक दिवसीय र टेस्ट म्याच खेल मिल्नेगरी पूर्वाधार तयार पारिने उल्लेख छ । रङ्गशालामा १३० भिभीआइपी सिट, एक हजार दुई भिआइपी र स्पेशल, ९०० सिट क्षमताको खेलाडी कक्ष, एक सय क्षमताको मिडिया कक्ष बन्ने जनाइएको थियो । स्रोत जुटाएर तीन/चार वर्षभित्रमै रङ्गशाला निर्माण गर्ने प्रदेश सरकारको योजना कार्यान्वयनमा भने आउन सकेको छैन । नीति तथा कार्यक्रममा सङ्घ सरकारसँग मिलेर पोखरा रङ्गशालाको स्तरोन्नति गरिने उल्लेख छ। अन्तरराष्ट्रियस्तरको पोखरा रङ्गशालामा बत्ती 'फ्लड

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अन्नपूर्ण प्रथम हिमाल (नर्थ)मा पर्यटकीय सम्भावनाको खोजी

**पोखरापत्र संवाददाता**
पोखरा २१ जेठ

७५ वर्षअधि फ्रान्सेली नागरिकद्वय मौरिस हर्जोग र लुइस लाशनलले पहिलो पटक अन्नपूर्ण प्रथमको सफल आरोहण गरेसँगै विश्वका लागि हिमालको पर्दा उघारिएको थियो।

हाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका वडानम्बर ४ मा पर्ने आधार शिविर नर्थ बाट सन् १९५० जुन थर्डमा मौरिस हर्जोग नेतृत्वले ८०९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेर किर्तिमानी राखेका थिय। उक्त आरोहण नै विश्वमै पहिलो ८ हजार मिटरभन्दा अग्लो हिमाल आरोहणको कीर्तिमानी थियो । नेपाललाई अन्तराष्ट्रिय बजारमा चिनाउन र पर्वतीय पर्यटनको सुरुवात भएको यस क्षेत्रले (नर्थ) यथेष्ट लाभ लिन भने सकेको छैन।


नेपाल पर्यटन बोर्डको अगुवाइ र टान गण्डकीको व्यवस्थापनमा अन्नपूर्ण प्रथम हिमाल (नर्थ) पुग्ने पदमार्गको ५ दिने (१७-२१) प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरिएको छ।

अन्नपूर्ण प्रथम हिमाल आरोहणको ७५ वर्ष (हिरक महोत्सव)को अवसरमा पदमार्ग प्रवर्द्धनको कार्यक्रम आयोजना गरिएको हो । अन्नपूर्णमा मानव



पाइला पुगेको दिनको सम्झनामा हरेक वर्ष जुन ३ लाई ' अन्नपूर्ण डे'का रुपमा मनाइँदै आइएको छ । पोखराबाट मौरिस हर्जोगका छोरा म्याथिएस इम्यानुएल म्याक्सिमिलेन र नाती सिमोन ज्याक्युस, फ्रान्सेको सांगीतिक टोलीसहित अन्नपूर्ण डे मनाउन नेपाल आएका थिए । फ्रान्सेली टोलीसहित पोखराबाट पर्यटनसम्बद्ध संस्थाका नेतृत्व, संचारकर्मी र हिमाल आरोहीसहितको टोली म्याग्दीको नार्च्याङ्, गुफा फाट, भुस्केट मेला हुदैं अन्नपूर्ण आधार शिविर (४१९०) पुगेको थियो। अन्नपूर्ण प्रथमको उत्तरीखण्डमा पर्ने यो आधारशिविरमा पहिलोपटक अन्नपूर्ण डे मनाइएको हो । मंगलबार अन्नपूर्ण नर्थ बेसक्याम्प पुगेका हुन् । मौरिसले अन्नपूर्ण आरोहण गर्दा प्रयोग गरेको ' आइस एक्स' हार्जोग परिवारले आधार शिविरमा हस्तान्तरण गरे । स्विजरल्याण्डमा रहेको आइस एक्स नेपालमा रहने गरि हर्जोग परिवारले हस्तान्तरण गरेको हो । हार्जोगका छोरा माथियसले पञ्चकुण्ड तालको छेउमा बसेर बुवाको स्मरण गर्दैं अन्नपूर्णलाई आफ्नो घर जस्तो भने। अनि आइस एक्स नेपाल पर्यटन बोर्डका प्रमुख मणि राज लामिछाने र टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यलाई हस्तान्तरण गरे। सो अवसरमा केक काटेर अन्नपूर्ण डे सेलिब्रेसन गरिएको थियो । यस्तै आधार शिविर (४१९०) मि. अन्नपूर्ण बेसक्याम्पमा मौरिस हर्जोग र लुइस लाशनलल शालिक अनावरण गरिएको छ। उर्जा राज्यमन्त्री खमबहादुर गर्वुजा, नेपालका लागि फ्रान्सेली राजदुतले शालिकको अनावरण गरेका थिए । अन्नपूर्ण हिमाल पहिलो पटक आरोहण गर्ने पहिलो नेपाली महिला पूर्णिमा श्रेष्ठले हर्जोगले प्रयोग गरेको आइस एक्स नेपालमा देख्न र स्पर्स गर्न पाउदा खुशी व्यक्त गरिन्।

पर्यटन बोर्ड पोखराका प्रमुख मणिराज लामिछानेले अन्नपूर्ण हिमालको नर्थलाई प्रवर्द्धन गर्न पदयात्रा कार्यक्रम तय गरिएको बताए। यो पदमार्गलाई अन्तराष्ट्रियकरण गर्नुपर्छ भन्ने उदेश्यले फ्रान्सबाट हर्जोग परिवालाई पदमार्गहुदैं वेसक्याम्पसम्म यात्रा गराइएको र राष्ट्रिय तथा अन्तराष्ट्रिडय संचार माध्य मार्फत प्रवर्द्धनको प्रयास गरिएको जानकारी दिए। ट्रेकिङ एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले अन्नपूर्ण डे नेपालको लागि ऐतिहासिक दिन रहेको बताए । आचार्यले द अन्नपूर्ण किताब मार्फत मौरिस हर्जोगले नेपालको पर्वतीय पर्यटनमा पुर्‍याएको योगदानको चर्चा गरे । अन्नपूर्ण क्षेत्रमा पर्यटकको आकर्षण रहे पनि हर्जोगले आरोहणका लागि प्रयोग गरेको पदमार्ग अहिले पनि ओझेलमा परेकाले प्रवर्द्धनात्मक कार्यक्रम गरिएको आचार्यले बताए।

# प्रचण्ड कप राष्ट्रिय महिला भलिवल प्रतियोगिताको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

नेशनल स्पोर्ट्स एकेडेमीको आयोजनामा यही जेठ २७ गते देखि पोखरा रंगशालामा हुने प्रचण्ड कप राष्ट्रिय महिला भलिवल प्रतियोगिताको तयारी पूरा भएको छ। पोखरा रंगशालाको कभर्डहलमा हुने उक्त प्रतियोगिताको तयारी पूरा भएको बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

प्रतियोगितामा घरेलु टिम गण्डकी प्रदेश सहित ६ टिमको सहभागिता हुने भएको छ। प्रतियोगितामा तीन विभागिय त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बल, गण्डकी प्रदेश, न्यु डायमण्ड र एभरेष्ट भलिबल क्लब सहभागि हुने भएको एकेडेमीका अध्यक्ष दिपक कोइरालाले बताउनुभयो।




प्रतियोगितामा विजेता टिमले ६ लाख रुपैयाँ, उपविजेताले ३ लाख, तेस्रो हुने टिमले १ लाख रुपैयाँको साथमा ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गर्ने भएको छ। साथै उत्कृष्ट खेलाडीलाई ३० हजार र अन्य विधामा उत्कृष्ट प्रशिक्षक, सटर, ब्लकर, लिब्रो, सर्वर र स्पाइकर लगायत विभिन्न विधामा उत्कृष्ट हुनेलाई जनही २० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने भएको छ।

नेपालको राष्ट्रिय खेल भलिबलको प्रवर्द्धन तथा विकासका लागि पोखरामा उक्त प्रतियोगिता यही जेठ ३१ गतेसम्म आयोजना हुने भएको अध्यक्ष कोइरालाले जनाउनु भयो। राष्ट्रिय खेलकुद परिषद् र नेपाल भलिबल संघको स्वीकृतमा वार्षिक कार्यक्रम अन्तर्गत हुन लागेको अध्यक्ष कोइरालाले जनाउनु भयो। ५ दिने चल्ने प्रतियोगिता सम्पन्न गर्न करिब ६० लाख रुपैयाँको खर्च हुने एकेडेमीले जनाएको छ। पुरस्कारमा मात्र ११ लाख ५० हजार खर्च हुने भएको छ। प्रतियोगिताका सम्पूर्ण खेलहरु फिभा र एनभिए को नियम अनुसार खेलाइने भएको छ भने राउण्ड रोबिनको आधारमा खेल खेलाइने भएको छ। खेलाडीहरुलाई यातायात सहित आवासियको सुविधा एकेडेमीले उपलब्ध गराउने भएको उपाध्यक्ष शिव कोइराला(ज्वाला) ले बताउनु भयो। पोखरामा भलिवलको क्रेज भएकोले पहिलो पटक महिला भलिवल आयोजना गरिएको त्यस पश्चात पुरुष तर्फको समेत केही समय पछि गर्ने एकेडेमीको योजना रहेको उहाँले सुनाउनु भयो।

२०७५ सालमा तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले भलिवल खेललाइ राष्ट्रिय खेलको रुपमा घोषणा गर्नु भएको उपाध्यक्ष कोइरालाले जनाउनु भयो। उक्त अवसरमा नेपाल भलिवल संघका केन्द्रिय उपाध्यक्ष याम बहादुर गुरुङले भलिवल खेलको विकासको लागि यस्ता प्रतियोगिता आवश्यक भएकोमा जोड दिनुभयो।

# अन्नपूर्णको हिमालको आधार शिविरमा गुञ्जियो 'फ्रान्सेली सङ्गीत'

**पोखरापत्र संवाददाता**
म्याग्दी २१ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा पहिलो पटक 'फ्रान्सेली सङ्गीत' गुञ्जिएको छ। अन्नपूर्ण प्रथम हिमाल (८०९१ मिटर) आरोहणको ७५ वर्ष पूरा भएको अवसरमा मङ्गलवार आयोजित 'अन्नपूर्ण हीरक महोत्सव'को अवसरमा समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा रहेको आधार शिविरमा फ्रान्सेली कलाकारहरुको टोलीले साङ्गीतिक प्रस्तुति दिएका हुन्।

अन्नपूर्ण हिमालका प्रथम आरोही फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगका छोरा माथिएस हर्जोगको नेतृत्वमा रहेको अन्नपूर्ण सङ्गीत समूहले आधार शिविरमा नेपाली सङ्गीतको झल्को दिने साङ्गीतिक प्रस्तुति दिएका हुन्। हार्मोनियम, बाँसुरी, गीतारलगायतका नेपाली बाध्यबाधनका साधनको सङ्गीतमा फ्रान्सेली कलाकारहरुले राखेको साङ्गीतिक प्रस्तुतिले आधार शिविरमा पुगेका आन्तरिक पर्यटक रमाएको अन्नपूर्ण हीरक महोत्सव आयोजक समितिका सदस्य तेज गुरुङले बताउनुभयो।



"अन्नपूर्ण आधार शिविरमा पहिलो पटक यसप्रकारको साङ्गीतिक कार्यक्रम आयोजना गरिएको हो, फ्रान्सेली कलाकार हरुको समूहले राखेको यो प्रस्तुतिले आगामी दिनमा हामीलाई आधार शिविरमा साङ्गीतिक प्रस्तुतिका कार्यक्रम आयोजना गर्न प्रेरित गरेको छ", अन्नपूर्ण पदमार्गका अभियन्ता समेत रहनुभएका गुरुङले भन्नुभयो। कलाकार हरुले नेपालीपन झल्कने सङ्गीत प्रस्तुत गर्नुका साथै फ्रान्समा प्रचलित नृत्य समेत प्रस्तुत गरेका थिए। अन्नपूर्ण हिमालको काखमा रहेको मनोरम पञ्चकुण्ड ताल परिसरमा प्रस्तुत सङ्गीतमा नेपाली र विदेशी पर्यटकहरुले रुचिका साथ अवलोकन गरेका थिए। हीरक जयन्तीको अवसरमा आयोजित पदयात्राको नेतृत्व गर्दै आधार शिविर पुग्नुभएका ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले सङ्गीतको माध्ययमबाट पर्यटकीय क्षेत्रको प्रचारप्रसार र प्रवर्द्धनमा सघाउ पुग्ने बताउनुभयो।

अन्नपूर्ण गाउँपालिकाको नेतृत्वमा पर्यटन बोर्ड, पर्वतारोहण सङ्घ, टान, एक्याप र अन्नपूर्ण गाउँपालिका पर्यटन विकास समितिको संयुक्त आयोजनामा आयोजित हीरक महोत्सवको अवसरमा आधार शिविरमा मौरिस हर्जोग, लुइस लाचेन र प्रथम नेपाली आरोही सोनाम वाङ्चुक शेर्पाको अर्धकद सालिक अनावरण गरिएको छ। साथै आधार शिविरदेखि नारच्याङ गाउँसम्मको करिब ३६ किलोमिटर दुरीको म्याराथन प्रतियोगिताका साथै मौलिक नाचलगायतका कार्यक्रम सम्पन्न गरिएको छ।

# एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट च्याम्पीयनसीप : प्रतिभा मावि र रत्न ज्योति सेमीफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

पोखरामा जारी एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट च्याम्पीयनसीपमा प्रतिभा मावि र रत्न ज्योति सेकेण्डरी स्कुल सेमीफाइनलमा प्रवेश गरेका छन्।

पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा पोखराको लेखनाथस्थित ईडेन गार्डेन क्रिकेट मैदानमा जारी प्रतियोगितामा दुबै टिम समूह बिजेता बन्दै सेमीफाइनलमा प्रवेश गरेका हुन्। समूह सी अन्तर्गत बुधबार भएको प्रतियोगितामा प्रतिभा माविले जुनियर सिटिजन एकेडेमीलाई ९ विकेटले पराजित गर्दै समूह बिजेता बनेर सेमीफाइनल यात्रा सुनिश्चित गरेको थियो। लगातार तीन खेल जितेको प्रतिभा सहजै सेमीफाइनलमा प्रवेश गरेको आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए।



१९ ओभरमा घटाइएको बुधबारको खेलमा प्रतिभाले टस जितेर बलिङ रोजेको थियो। पहिलो व्याटिङमा उत्रिएको जुनियर सिटिजन एकेडेकीले निर्धारित १९ ओभरमा ६ विकेटको क्षेतीमा १४३ रनको योगफल तयार गरेको थियो। उसका लागि सौरभ शर्माले ४३ रन तथा दीपेन सुवेदीले ३८ रनको योगदान दिए। जुनियर सिटिजनलाई कम स्कोरमा रोक्न प्रतिभाका दिक्षान्त अर्यालले ४ ओभरमा १७ रन खर्चेर २ विकेट लिएका थिए। १४४ रनको लक्ष्य लिएर जवाफी व्याटिङमा उत्रिएको प्रतिभाले ११.३ ओभरमा १ विकेटको क्षेतीमा सहजै लक्ष्य भेट्टायो। प्रतिभाका सफल श्रेष्ठले ९१ रन तथा साबुद्दिन अन्सारीले १९ रनको योगदान दिए। ९१ रनको योगदान दिएका प्रतिभा माविका सफल श्रेष्ठ बुधबारको खेलमा प्लेयर अफ दी म्याच घोषित भए। समूह बी अन्तर्गत बुधबार भएको अर्को खेलमा एसओएस हर्मनमाईनर सेकेण्डरी स्कुलले डायमण्ड एकेडेमीलाई ३ रनको झिनो अन्तरले पराजित गऱ्यो। डायमण्डले टस जितेर बलिङ रोजेपछि एसओएसले १९.१ ओभरमासबै विकेट गुमाएर १३३ रनको योगफल तयार गऱ्यो। डायमण्डका लागि सचेत सुवेदीले २४ रन तथा आनन्द आचार्यले २२ रनको योगदान दिए। एसओएसलाई ठूलो स्कोर बनाउनबाट रोक्ने क्रममा डायमण्डका सुमन विकले ३ विकेट तथा असीम पौडेलले २ विकेट हत्याए। १३४ रनको लक्ष्य लिएर जवाफी ब्याटिङमा उत्रिएको डायमण्ड निर्धारित २० ओभरमा ८ विकेटको नोक्सानीमा १३० रनमा सिमित भएपछि समूह चरणबाटै बाहिरिनु पऱ्यो। डायमण्डका अविरल क्षेत्रीले २६ रन तथा जेनिस आलेले २३ रनको योगदान दिए। डामण्डलाई सस्तैमा समेट्ने क्रममा एसओएसका बिराज सापकोटाले २ विकेट हत्याए। उनी बुधबारको खेलमा प्लेयर अफ दी म्याच घोषित भए। समूह बी मा रहेका रत्न ज्योति, एसओएस र डायमण्डले समान एक/एक खेल जितेपछि रनरेटको आधारमा रत्न ज्योति सेमीफाइनलमा पुगेको पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए। रत्न ज्योतिको प्लस ०.८५५ रनरेट रहेको तथा डायमण्ड र एसओएसको माईनस रनरेट भएकाले रत्न ज्योति सेमीफाइनलमा पुगेको उनले बताए। बुधबारको खेलमा प्रायोजक एक्सपर्ट एजुकेसन एण्ड भिसा सर्भिसेसका ब्राञ्च म्यानेजर सलिम दिवान र बिजनेस डेभलपमेन्ट म्यानेजर विष्णुप्रसाद गौतम प्रतियोगिता स्थलमा गएर खेलाडीलाई हौसला प्रदान गरेका थिए। उनीहरुले मैदानमा आवश्यक पूर्वाधार निर्माणमा सघाउनेपनि प्रतिबद्धता जनाए। प्रतियोगिता अन्तर्गत विहीबार न्यूलाइट सेकेण्डरीबिरुद्ध सिर्जना मावि तथा वाराही माविबिरुद्ध त्रिवेणी पव्लिक स्कुल प्रतिष्पर्धामा उत्रिने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए।

# राज्यका संरचना समावेशी बनाउन राजनीतिक दल समावेशी हुनुपर्छ: सभापति देउवा

**रासस**
काठमाडौं २१ जेठ

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दलीय व्यवस्थामा दल आफैं समावेशी नभएसम्म राज्यका अन्य संरचना समावेशी हुन नसक्ने बताउनुभएको छ।

राष्ट्रिय समता दिवस तथा छुवाछुतमुक्त राष्ट्र घोषणाका सन्दर्भमा नेपाली कांग्रेसअन्तर्गतको दलित समुदाय समन्वय तथा सशक्तीकरण विभागले बुधबार पार्टी केन्द्रीय कार्यालय सानेपामा 'दलित समुदायको वर्तमान अवस्था र समस्या समाधानमा राज्य एवं राजनीतिक दलको भूमिका' विषयक अन्तरसंवाद गरेको थियो। सो कार्यक्रमलाई सम्बोधन गर्दै सभापति देउवाले निरङ्कुश शासन व्यवस्थामा दलित समुदायले भोगेका भेदभावविरुद्ध आवाज उठाउने पहिलो पार्टी नेपाली कांग्रेस भएको बताउनुभएको छ।

समाजको निश्चित जाति, वर्ग, समुदायले भोग्नुपरेको नारकीय जीवनबाट मुक्ति दिलाउनलाई कांग्रेसले २००७ सालको क्रान्तिमा 'जातपात मान्दैनौँ, सँगै बसौँ, सँगै खाऔँ, भात भताहाको खुसी' भन्ने नारा लगाएको उहाँले स्मरण गराउनुभयो। "राज्य निर्माण र शासन सञ्चालनका विभिन्न कालखण्डमा विश्वका हरेक मुलुकका श्रमजीवी वर्गले कुनै न कुनै किसिमका अन्याय, शोषण र भेदभावको सिकार बन्नुपरेको देखिन्छ", उहाँले भन्नुभयो, "दक्षिण एशिया र विशेष गरेर नेपालमा हजारौँ वर्षदेखि धर्म, प्रथा र परम्पराका रूपमा कायम हुँदै आएको जातीय भेदभाव र छुवाछूतले हाम्रो समाज विकृत बनाएको छ।" सभापति देउवाले विद्यमान जातीय भेदभाव र छुवाछूत अन्त्य गर्न पुनःस्थापित संसद्ले २०६३ जेठ २१ गतेका दिन 'नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा' गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको आजको दिन सामाजिक रूपान्तरणको क्षेत्रमा महत्त्वपूर्ण रहेको बताउनुभयो।

उहाँले वर्तमान संयुक्त सरकारका माध्यमबाट विभेदका अवशेषहरू पूर्ण रूपले अन्त्य गर्नेतर्फ प्रयत्नशील रहेको र नेपाल दलित सङ्घले जुझारू ढङ्गले विभेदविरूद्ध आवाज बुलन्द गर्नुपर्नेमा जोड दिनुभयो। अन्तरसंवादमा विभाग प्रमुख लक्ष्मी परियारले २०६३ साल जेठ २१ गते संसद्बाट राष्ट्रिय समता दिवस तथा छुवाछुतमुक्त राष्ट्र घोषणा भए पनि हालसम्म संसद्बाट सम्बन्धित कानुनहरु पारित हुन बाँकी रहेको बताउनुभयो। लेखक एवं अध्येता जेबी विश्वकर्माले देशमा १३ दशमलव ४ प्रतिशत दलितहरुको जनसङ्ख्या रहेको तथ्याङ्क प्रस्तुत गर्दै दलित समुदायको मुख्य समस्या र सरोकार, राजनीतिमा पहुँच र समावेशीकरणका साथै दलित समुदायलाई राज्यको सबै ठाउँमा आरक्षण आवश्यक रहेको बताउनुभयो।

## गण्डकी ...

गरेका प्रमुख नीति तथा कार्यक्रम दोस्रो पञ्च वर्षीय योजनाले तय गरेको रूपान्तरणकारी रणनीति बमोजिम उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारीका अवसर सिर्जना र आयात प्रतिस्थापन गर्न स्थानीय तह एवम् निजी क्षेत्र समेतको साझेदारीमा आत्मनिर्भर तथा समुन्नत अर्थतन्त्र निर्माणको आधार तयार गरिने भएको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। बजेट तथा कार्यक्रमलाई दोस्रो पञ्चतवर्षीय योजनाको रणनीतिक स्तम्भ, आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण, लैङ्गिक उत्तरदायी बजेट, जलवायु सूचक, दिगो विकास लक्ष्य सूचकका आधारमा साङ्केतीकरण गरी बजेट प्रणालीलाई प्रभावकारी बनाइने भएको छ। पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमवाट प्रदेशको आर्थिक समुन्नतिमा योगदान पुर्याउन, सार्वजनिक-निजी-सहकारी साझेदारीका लागि आवश्यक कानुनी व्यवस्था गरिने भएको छ। तहगत समन्वयमा करको दायरा विस्तार, कर सचेतना, कर प्रशासनमा सुधार एवम् कर सहभागिता अभिवृद्धि गरी प्रदेश सरकारको आन्तरिक आय वृद्धि गरिने भएको नीति तथा कार्यक्रममा जनाइएको छ। प्रदेश कानुन बमोजिम आर्थिक मामिला मन्त्रालय अन्तर्गत एक राजस्व व्यवस्थापन कार्यालय स्थापना गरी कर सङ्कलन, कर परिपालन र अभिलेखाङ्कन प्रणालीको विकास गरिने भएको छ भने बजेटको अख्तियारी, निकासा, बेरुजु व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन गर्न पूर्णरूपमा डिजिटल प्रणाली अवलम्बन गरी वित्तीय अनुशासन कायम गरिने भएको छ। राजस्व चुहावट नियन्त्रण, नतिजामूखी सार्वजनिक खर्च व्यवस्थापन, आर्थिक कारोवारमा पारदर्शिता र लेखा परीक्षण प्रतिवेदनका सुझाव कार्यान्वयन मार्फत आर्थिक अनुशासन कायम गर्दै वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई उपलब्ध गराईने अनुदानको प्रभावकारिता सुनिश्चित गरिने भएको छ।

सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणका लागि आवश्यक रूपान्तरणकारी रणनीति अवलम्बन गरी हस्तक्षेपकारी कार्यक्रमको रूपमा इन्भेस्ट गण्डकी कार्यक्रम मार्फत आन्तरिक र बाह्य लगानी आकर्षण गर्न लगानी सम्मेलन गरिने भएको प्रदेश प्रमुख भट्टले जनाउनुभयो। गण्डकी तथा लुम्बिनी प्रदेश सरकारवीचको साझा प्रतिवद्धता कार्यान्वयन गर्न समन्वय गरिने उहाँले जनाउनु भयो। कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण, औद्योगिकीकरण, विविधीकरण र बजारीकरण गर्न सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको समन्वय तथा सहकार्यलाई प्राथमिकता दिइने भएको छ।

उच्च पहाडी तथा हिमाली क्षेत्रमा घुम्ती गोठ प्रणालीमा पालिने पशु चौपायाको व्यवसायीकरणका लागि चरन सुधार, पोखरी संरक्षण, प्राविधिक सेवा र खर्क सुधार जस्ता कार्यक्रमलाई निरन्तरता दिइने भएको छ। राष्ट्रिय फल सुन्तलाको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न विगतदेखि सञ्चालन हुँदै आएको नयाँ बगैंचा स्थापना, पुरानो बगैंचा सुदृढीकरण र ग्रिनिङ रोगग्रस्त बोट हटाई गुणस्तरीय बिरुवा रोपण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गरिने भएको छ। रासायनिक मल र विषादीको अवैज्ञानिक प्रयोगले माटोको गुणस्तर र मानव स्वास्थ्यमा परेको नकरात्मक असर न्यून गरी दिगो उत्पादन गर्न प्राङ्गारिक मल, कृषि चुन तथा जैविक विषादी प्रयोगलाई प्रोत्साहन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

## गण्डकीको ...

लाइट' छैन।

केही खेल पूर्वाधारको पनि अभाव छ। ठूलो धनराशि खर्चेर बनाइएको रङ्गशालामा 'फ्लड लाइट' नहुँदा रात्रिकालीन खेलकुद सञ्चालन हुन सकेको छैन। अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)को मान्यता पाउन पनि रङ्गशालामा 'फ्लड लाइट' अनिवार्य हुनुपर्छ। १६ हजार ५०० दर्शक क्षमताको उक्त रङ्गशालामा कतिपय खेल पूर्वाधार र भौतिक संरचनाको भने अझै पनि अभाव छ।

पोखरा रङ्गशालामा 'फ्लड लाइट'का लागि करिब रू १२ करोड लाग्ने अनुमान गरिएको छ। राष्ट्रिय खेलकुद परिषद्ले केही वर्षअघि 'फ्लड लाइट'का लागि छुट्याएको रू पाँच करोड बजेट कोभिड-१९ महामारीका कारण काम हुन नसकी फिर्ता भएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

## सम्पादकीय

# संसदलाई बहसको थलो बनाऊ

भिजिट भिसा प्रकरणको विषयलाई लिएर प्रतिपक्षी दलहरूले संसद् अवरुद्ध गर्दै आएका छन् । नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको नाम मुछिएको आरोप लगाउँदै निष्पक्ष छानबिनका लागि राजीनामाको माग गरेका छन् । गृहमन्त्रीको राजिनामा र प्रधानमन्त्री केपी शर्मा ओलीले स्पष्टीकरण दिनुपर्ने अड्डी लिएर संसद् अवरुद्ध गरेका छन् । गृहमन्त्रीमाथि कुनै उजुरी वा छानबिन नचलेको भन्दै सत्तारूढ पार्टीले राजिनामा र छानबिन दुवै हुन नसक्ने जवाफ दिएका छन । गृहमन्त्री लेखकले भिजिट भिसा प्रकरणमा संलग्नता नरहेको जिकिर गर्दै आएका छन । गृहमन्त्रीको जवाफ नसुनी संसद् चल्न नदिनु प्रतिपक्षीको अर्घेल्याँई हो ।

संसदमा टेबुल भएको बजेटमाथि महत्वपूर्ण गहन छलफल गर्नुपर्नेछ । बजेटमा छलफल गरेर छिटो पारित गर्नु संसदको कार्यभार हो। यस्तो बेला विपक्षीले संसद् चल्न नदिनु न्यायोचित र तर्कसङ्गत हुँदैन । संसद्को जारी यो अवरोध खुलाउन सत्तापक्ष र प्रतिपक्षी दलका शीर्ष नेताहरूबिच छलफल भयो । सभामुख देवराज घिमिरेले सत्तारूढ र प्रतिपक्षी दलका प्रमुख सचेतकहरुसंग निरन्तर छलफल गरिरहेका छन । अबरुद्ध संसद बैठक सूचारु गर्न सभामुखको प्रयास जारी छारास्वपा सभापति रवि लामिछाने गृहमन्त्री भएको बेला प्रतिपक्षमा रहेको नेपाली काङ्ग्रेसले अहिलेका प्रतिपक्षीले जस्तै अडान लिएका थिए । सदनमा मन्त्रीलाई बोल्नै नदिने गलत अडानले गर्दा काङ्ग्रेसलाई गलपासो भएको छ । आरोप लागेका मन्त्रीलाई बोल्न नदिने अडान हिजो पनि ठिक थिएन । आज पनि ठिक होइन । मन्त्रीलाई आरोप लाग्नेबित्तिकै संसद् अवरोध गर्दै जाने र मन्त्रीले राजीनामा दिँदै जाने हो भने संसद् चल्नै नसक्ने अवस्था आउन सक्छ । देश र जनताका पक्षमा राम्रो काम गर्न सरकारलाई दबाब दिनुपर्ने विपक्षी दलले सदन अवरुद्ध पार्ने मुडेबल देखाउन सुहाउँदैन । गृहमन्त्रीको राजीनामालाई प्रतिपक्षीले अनावश्यक विषय बनाएर सदन अवरोध गर्नु लोकतान्त्रिक प्रक्रियाविपरीत छ । यस्ता पुरानै कुरामा संसद् अवरुद्ध गर्नु महत्त्वपूर्ण समयको खेरा फाल्नु हो ।

सडकमा कुनै समूहले केही माग लिएर बस्दा पनि कुदेर गएर समर्थन गर्ने र संसद् पनि अवरोध गर्ने यस्ता कामले प्रतिगमनलाई सहयोग पुग्छ। यसले लोकतन्त्रलाई असहयोग हुने अवस्था आउँछ ।संसद नियमावली र विधिमा चल्नु पर्छ । संविधान र कानुनबाट मुलुक अगाडि बढाउनु पर्छ । दलभन्दा माथि जनता भएको र सम्पूर्ण शक्तिका स्रोत जनता नै भएको अहिलेको यथार्थ हो । जनताको सर्वोच्च निकाय संसद्लाई समस्या समाधानको थलो बनाउनु पर्छ । जे विषय उठेका छन त्यसबारे सदनमा छलफल र बहस हुनुपर्छ । संसदलाई जीवन्त बनाउन सत्तासीन जत्तिकै भूमिका प्रतिपक्षीको हुन्छ । सदनमा हुने छलफल र बहसले जनताले धेरै कुरा बुझ्न पाउँछन् । सदनको गरिमा र सांसदको भूमिका प्रभावकारी बनाउन पनि सदन अबरुद्ध नपारी बहसको थलो, बिधि निर्माणको थलो बनाउनु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

पोखरापत्र संवाददाता
तनहुँ, २१ जेठ

पृथ्वीराजमार्ग सडकअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका–१ गुणादीमा बुधबार दुर्घटनामा परी मोटरसाइकल चालकको मृत्यु भएको छ ।

प्रहरीका अनुसार कास्की जिल्ला माछापुच्छ्रे–४ बस्ने २४ वर्षीय सरोज पौडेलको मृत्यु भएको हो । गम्भीर घाइते पौडेलको उपचारका लागि दमौली अस्पतालमा लगिएकामा चिकित्सकले मृत घोषणा गरेको प्रहरी निरीक्षक राजु अधिकारीले जानकारी दिनुभयो । जिल्लाको थर्पुबजारबाट दमौलीतर्फ आउँदै गरेको ग १ ख ९३९९ नम्बरको बस र विपरीत दिशामा गुडिरहेको ग १७ प ५१४६ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किँदा उक्त दुर्घटना भएको हो । बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# एकल महिलालाई आत्मनिर्भर बनाउन मौरीसहित घार वितरण

पोखरापत्र संवाददाता
बागलुङ, २१ जेठ

बागलुङको तमानखोला गाउँपालिकाले २२ जना एकल महिलालाई मौरीसहित घार वितरण गरेको छ । पालिकालेरु तीन लाखमा घार खरिद गरी वितरण गरेको हो ।

एकल महिलालाई व्यवसायसँग जोडेर आत्मनिर्भर बनाउन सीप सिकाएर मौरी र घार वितरण गरिएको हो गाउँपालिकाकी उपाध्यक्ष हीराकुमारी छन्त्यालले बताउनुभयो । अनुदानलगायत प्राविधिक सहयोग गर्दै आएको उहाँको भनाइ छ । तमानखोला क्षेत्र मौरीपालकका लागि उपयुक्त भएको हुँदा पहिलो चरणमा एकएक घार उपलब्ध गराएको तथा व्यावसायिक रूपमा काम गरेमा थप सहयोग गर्ने उहाँले बताउनुभयो । "एकल महिलाई यस वर्ष सीप सिकाएर व्यवसायसँग जोडौँ भन्ने हिसाबले मौरीपालनसम्बन्धी तालिम र मौरीसहित घार पनि उपलब्ध गराएका छौँ, ", उपाध्यक्ष छन्त्यालले भन्नुभयो ।

तमानखोला गाउँपालिका–६ की जसदेवी छन्त्यालले मौरीपालनबाट परिवार चलाउने र छोराछोरीको पढाइ खर्च जुटाउने योजना सुनाउनुभयो ।

# कालीगण्डकी पदयात्रा तयारी पूरा

पोखरापत्र संवाददाता
दमौली, २१ जेठ

कालीगण्डकी नदीको अस्तित्व जोगाउन तनहुँको देवघाटदेखि कालीगण्डकी नदीको शिर दामोदरकुण्डसम्म हुने कालीगण्डकी पदयात्राको तयारी पूरा भएको छ ।

'प्रकृति, संस्कृति र सभ्यताको आराधना, कालीगण्डकी पदयात्रा एक आध्यात्मिक साधना' भन्ने मुख्य सङ्कल्प र आदर्शमा सञ्चालन हुने यो पदयात्रा बिहीबारदेखि देवघाटबाट आरम्भ भएर चार हप्ताको पैदल यात्रापछि कालीगण्डकीको शिर दामोदर कुण्डमा पुगेर सम्पन्न हुनेछ । सोअनुसार बुधबार साँझ वेणी सङ्गममा गण्डकी पुजन र विशेष आरती हुने पदयात्राका संयोजक तथा देवघाटस्थित महेश संस्कृत गुरुकुलमका प्राचार्य फणिन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो । पदयात्रा बिहीबार बिहान ७ः३० बजे देवघाटबाट सुरु हुने उहाँले जानकारी दिनुभयो । राष्ट्र, राष्ट्रियता, संस्कार, संस्कृति र मौलिक सनातनी नेपाली गौरवलाई देशभित्र तथा बाहिर परिचित गराउने र आत्मगौरवले सजिएको नेपाली स्वाभिमानको पुनर्जागरण गर्ने उद्देश्यले ऐतिहासिक कालीगण्डकी पदयात्रा गर्न लागिएको पौडेलले उल्लेख गर्नुभयो । राष्ट्रिय स्वाभिमान र सनातन नेपाली संस्कृतिको प्रवर्द्धनमा संस्थागतरुपमै लागिपरेको महेश सन्न्यास आश्रम देवघाटधामको सङ्कल्प र आह्वानमा यो पदयात्रा सञ्चालन हुन लागेको संयोजक पौडेलले बताउनुभयो ।

उक्त पदयात्रामा महेश सन्न्यास आश्रमका सन्त मधुसुदनानन्द गिरी र रमणानन्द गिरीका साथमा गलेश्वर आश्रम, हरिहर सन्न्यास आश्रमका सन्तहरुको उपस्थिति रहनेछ भने नेपालका प्रतिष्ठित सबै मठ मन्दिरका प्रतिनिधि र भारतका विभिन्न मठ तथा आश्रमबाट आमन्त्रित साधकको पनि उल्लेख्य सहभागिता रहने छ । देवघाटदेखि दामोदरकुण्डसम्मको उक्त पदयात्रा २५ दिनको रहनेछ । तराईदेखि पहाड हुँदै हिमालसम्मको पदयात्राको दूरी ४३१ किलोमिटर रहेको छ । महेश सन्न्यास आश्रमका वर्तमान पीठाधीश युवासन्त स्वामी रमणानन्द गिरीजी महाराजको मौलिक नेपाली स्वाभिमान, संस्कार र सभ्यताप्रतिको सम्मान, समर्पण तथा प्रवर्द्धन गर्ने दृढ लगाव र विश्वासमा उक्त पदयात्रा सञ्चालन गर्न लागिएको पौडेलले बताउनुभयो । कालीगण्डकी संसारकै ठूलो हिमशृङ्खलाबाट उत्पन्न भएर नेपालको मध्यभागलाई सिञ्चन गर्दै बग्ने संसारकै पवित्रतम देवनदी हो । यसका तटवर्ती क्षेत्रहरुमा हजारौँ वर्षदेखि मानवीय अस्तित्व संरक्षित रहेको छ । त्यसका कारण कालीगण्डकीका किनारमा अनेकौं जीवन, संस्कृति र सभ्यता विकसित भएका छन् ।

विश्वमा देवताको प्रत्यक्ष स्वरुप मानिने शालिग्राम यसै नदीमा मात्र उपलब्ध हुने भएकाले पुराण वाङ्मयले कालीगण्डकीलाई देवनदीका रुपमा वर्णन गरेका छन् । यसै तथ्यलाई अवलम्बन गरेर हजारौं तपस्वी ऋषिमुनिले गण्डकीका पवित्र किनारलाई विचार र ज्ञानसाधनाको केन्द्रका रुपमा प्रयोग गर्दै आएका छन् । धार्मिक, पौराणिक र आध्यात्मिक ऊर्जाका अतिरिक्त अनुपम प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा पर्वतीय जनजीवनको जीवन्त सम्पदाका रुपमासमेत गण्डकीको सेरोफेरो प्रसिद्ध मानिन्छ । साथमा यस क्षेत्रले सनातनको आस्था र विश्वासमा अडिएको नेपाली जनजीवन, सामाजिक संरचना र अर्थतन्त्रलाई गतिशील बनाउन सक्ने पर्यटकीय अथाह सम्भावना बोकेको छ ।

# दोर्दी र मर्स्याङ्दी गाउँपालिकामा व्यावसायिक खुर्सानीखेती

पोखरापत्र संवाददाता
लमजुङ, २१ जेठ

गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङमा एक हजार रोपनी क्षेत्रफल जमिनमा अकबरे खुर्सानीखेती गरिएको छ । दोर्दी गाउँपालिकामा ७०० र मर्स्याङ्दी गाउँपालिकामा ३०० रोपनी गरी उक्त क्षेत्रफलमा खुर्सानीखेती गरेको हो ।

गाउँपालिकाको प्राविधिक सहयोग र अनुदानमा दुई पालिकाका किसानले व्यावसायिक रुपमा अकबरे खुर्सानीखेती गरेका हुन् । गाउँपालिकाले चालु आर्थिक वर्षमा अकबरे खुर्सानीखेतीका लागि रु ३० लाख बजेट विनियोजन गरेको थियो । कृषि सहकारी उत्पादन तथा बजारीकरण, सुदृढीकरण कार्यक्रमअन्तर्गत अकबरे खुर्सानीखेतीका लागि विनियोजित बजेटबाट खुर्सानीखेतीका लागि सहयोग गरिएको गाउँपालिका अध्यक्ष युवराज अधिकारीले बताउनुभयो । उहाँका अनुसार व्यावसायिक खेती गर्ने कृषकलाई पालिकाले प्राविधिक सहयोगसँगै मल्चिङ, खुर्सानीको बीउमा ५० प्रतिशत अनुदान दिएको छ । गाउँपालिकाका अनुसार यसअघि गत वर्ष दोर्दी गाउँपालिका–४ बाँसबोट, कामचोक र साँधिखोला गाउँमा किसानले व्यावसायिक रुपमा अकबरे खुर्सानीखेती गरेका थिए । परम्परागत रुपमा कोदोखेती गर्दैआएको जमिनमा खुर्सानीखेती गरेका किसानहरुले राम्रो आम्दानी गरेपछि यसवर्ष पालिकाले खुर्सानी पकेट क्षेत्र विस्तार गरेको कृषि शाखा प्रमुख निराजन पौडेलको भनाइ छ । गत वर्ष पनि अकबरे खुर्सानीखेती गरेको वडा ४ स्थित साना किसान सहकारीले यस वर्ष १२ रोपनी क्षेत्रफलमा खुर्सानीखेती गरेको छ । परीक्षणको रुपमा पहिलो पटक गत वर्ष अकबरे खुर्सानीखेती सुरु गरी राम्रो आम्दानी गर्न थालेपछि दोर्दीका किसान यसपटक उत्साहित बनेका छन् ।

गत वर्ष उक्त समूहले रु २० लाख बढी आम्दानी गरेको बताइएको छ। यस वर्ष लगाइएको खुर्सानी ४०० देखि ५०० मेकिट्र टन उत्पादन हुने र करिब रु पाँच करोड आम्दानी गर्ने अनुमान रहेको कृषि शाखा प्रमुख पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "कम लागतमा धेरै आम्दानी गर्न गर्न सकिने बाली खुर्सानी रहेको र यसको बजारको माग पनि राम्रो रहेको छ । त्यस्तै, मर्स्याङ्दी गाउँपालिकाको नौ वटै वडामा गरेर ३०० रोपनी क्षेत्रफलमा अकबरेको व्यावसायिक खेती गरिएको गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो", उहाँले भन्नुभयो, "अकबरे खुर्सानीको व्यावसायिक खेतीबाट किसानको जीवनस्तर उकास्ने उद्देश्यले अभियान सञ्चालन गरिएको र यसले पालिकाको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास लिएका छौँ । अकबरे खेतीका लागि गाउँपालिकाले रु २० लाख विनियोजन गरेको थियो ।

यसमध्ये रु १० लाख अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले सहयोग गरेको छ । आयोजनाको क्षेत्रमा पर्ने वडा नं १, २, ३, ४ र ९ का लागि गाउँपालिकामार्फत एक्यापले रकम उपलब्ध गराएको थियो । अकबरे खेतीका लागि गाउँपालिकाले बिरुवामा ८० प्रतिशत र मल्चिङ प्लाष्टिकका लागि ५० प्रतिशत अनुदान दिएको गाउँपालिकाले जनाएको छ । यहाँका किसानले कम्तीमा एक रोपनी र बढीमा १० रोपनीसम्म खेती गरेका छन् ।

किसानले उत्पादन गरेको अकबरेको बजारीकरणका लागि पालिकाले सहयोग गर्ने भएको छ। बजारीकरणका लागि पालिकामै मासिक हाटबजारको व्यवस्थासँगै जनता एग्रो कम्पनीसँग बिक्री सम्झौता भएको गाउँपालिका अध्यक्ष गुरुङको भनाइ छ । जिल्लामा उत्पादन कम हुँदा हालसम्म बाहिरी जिल्ला र भारतबाट ल्याएको खुर्सानी स्थानीयले खरिद गरेर प्रयोग गर्दै आएको छ ।

# पर्वतमा जेठदखि नै धान र कोदो रोपाइँ

पोखरापत्र संवाददाता
पर्वत, २१ जेठ



मनसुन सक्रिय बनेसँगै पर्वतमा जेठ तेस्रो सातादेखि नै धान र कोदोको रोपाइँ सुरु भएको छ ।

जिल्लाका उच्च पहाडी भूभाग तथा सिमसार क्षेत्रमा धान रोपाइँ सुरु भएको हो भने अन्य स्थानमा कोदो रोपाइँ सुरु भएका छ । गत वर्ष लामो समयसम्म खडेरी पर्दा समयमा धान रोप्न नपाएका कृषकले यस वर्ष भने मध्य जेठमा नै धान र कोदो रोपाइँ सुरु गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ। कुश्मा नगरपालिका, मोदी गाउँपालिका, महाशिला गाउँपालिका र जलजला गाउँपालिकाको खाली रहेका क्षेत्रमा कृषकहरूले धानखेती सुरु गरेका छन् । मनसुन समयमा नै भित्रिएको र केही समय ढिलाइ गरेर धान रोपाइँ कार्य सुरु गर्दा जनशक्तिको अभाव हुने भएकाले पनि सुरुमा नै रोपाइँ सुरु गरिएको कुश्मा–१४ आर्थरडाँडाखर्कका कृषक चन्द्रबहादुर क्षेत्रीले बताउनुभयो । पर्वतमा सात हजार ६२८ हेक्टर क्षेत्रफलमा वर्खे धान रोपाइँ हुने गरेको छ । उच्च पहाडी, मध्य पहाडी र समथर भूभाग समेटेको पर्वतमा विशेषत सावित्री, राम धान, च्याम्पियन, मकवानपुर, आपझुत्ते, मानिसरा, मनसुली, अनदी, कालो मसिनो, यूएस, महाराजा, होलसी, बहुबुडी, हर्दिनाथ, जेठो बूढो, पहेँले, गुर्दी, एक्ले, खुमल, गौरिया, झिनुवा, बिरमफूल, पोखरेली जेठो बूढो, गुर्जा, लुम्ले, माछापुच्छे, जर्नेली, सुगन्ध, हाइब्रिडलगायतका जातका धान लगाउने गरिएको छ । गत वर्षको तथ्याङ्कअनुसार जिल्लामा २७ हजार मेट्रिक टन धान उत्पादन भएको जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सोविता सुवेदीले जानकारी दिनुभयो । धानखेती हुनेमध्येको ३६ प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइको प्रबन्ध रहेको भए पनि त्यो सबै क्षेत्रमा पनि सबै समयमा पानी उपलब्ध नहुने अवस्था रहेको सुवेदीले बताउनुभयो ।

फलेवास नगरपालिका, पैयुँ गाउँपालिका, जलजला गाउँपालिका र कुश्मा नगरपालिकामा धेरै धानखेती हुने गरेको छ। धानसँगै कोदो रोपाइँमा समेत कृषकलाई भ्याइनभ्याइ भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कतिपय ठाउँमा कोदो रोपाइँ सकेपछि मात्र धान रोपाइँ सुरु गरिन्छ ।


## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२२**

**यस समूहको आ. व. २०८१/०८२ मा स्वीकृत कार्ययोजना अनुसार उत्पादन भई समूहको घाटगद्दीमा रहेको साल प्रजातिको गोलिया थान ४० को १८९.५० घ.फि. काठ र २.० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका प्रचलित कानून बमोजिम काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका काष्ठ उद्योग/व्यवसायी फर्मले पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।**

**अध्यक्ष**

**टाकन्जा सा.व.उ.स. रुपा ३, कास्की**

# मरिचखेतीले फेरियो बास्तोलाको दैनिकी

**–हरिप्रसाद बास्तोला**
गण्ठकी, २१ जेठ/रासस

उत्पादनको सम्भाव्यता र बजारको मागलाई बुझेर कृषि कर्ममा लाग्ने हो भने जीविकोपार्जनका लागि विदेसिनु पर्दैन भन्ने यहाँका एक कृषकले उदाहरण दिनुभएको छ। पोखरा महानगनपालिका-२८ स्याङखुदी टारीका कृषक सूर्यमोहन बास्तोलाले बाँझिएको भिरालो पाखोमा सुरु गरेको मरिच खेतीबाट राम्रो आम्दानी गरेर सबैका लागि अनुकरणीय बन्नुभएको हो।



घरको वरिपरि हुर्केका साल, आँप, चिलाउने, कटुस, कल्की, फलेदो, कटहरलगायत विभिन्न प्रजातिका एक सयभन्दा बढी हरिया रूखका फेदमा लगाएको मरिचका बोटले निरन्तर फल दिन थालेपछि उहाँ हर्षित हुनुहुन्छ। उहाँका अनुसार उत्पादित फल बिक्रीबाट वार्षिक एकदेखि तीन लाखसम्म आम्दानी हुने गरेको छ। मसलामध्येको अब्बल मानिने मरिच कालो सुनका रूपमा पनि परिचित छ । बिक्री हुँदैन कि भन्नु पर्दैन घरबाटै उत्पादित सम्पूर्ण फल बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ । उहाँले सुकाएको मरिच प्रतिकिलो रु दुई हजारमा बिक्री गर्दै आउनुभएको छ। उहाँले २०४६ सालमा लेखनाथको भण्डारढिकस्थित आत्रय गुरुङसँग रु २० मा किनेर ल्याउनुभएको दुईवटा बिरुवामध्ये एउटा मर्‍यो भने अर्को फस्टाएर अहिले व्यवसायका रूपमा विस्तार भएको छ। बिरुवा लगाएको पाँच वर्षमा फल दिन थालेको थियो। सुरुका दिनमा फल उत्पादन भए पनि ज्ञानको अभावमा कहिले टिप्ने र प्रशोधन गर्ने तरिका थाहा नहुँदा त्यतिकै खेर गएको बताउँदै उहाँले भन्नुभयो, "पछिल्ला दिनमा कामले काम सिकाउँदो रहेछ, अहिले राम्रै आम्दानी लिन सकेको छु।" रूखमा पाकेको मरिच टिप्दै कृषक बास्तोलाले भन्नुहुन्छ, "मरिचखेती मेरो दुहुनो गाई बनेको छ।"

अमृत कुञ्ज अर्ग्यानिक पर्माकल्चर फर्म दर्ता गरेको बताउँदै ६० वर्षीय बास्तोला भन्नुहुन्छ, "रोग किराको प्रकोप नहुने, खासै स्याहारसुसार पनि गर्न नपर्ने, असिना, बाँदरले समेत खासै क्षति नगर्ने नगदे बाली मरिच पछिल्लो समय जीविकोपार्जनको मुख्य आधार बनेको छ।" झन्डै २० देखि ३० मिटरसम्मको लटरम्म फलेको हरिया काला झुप्पा देख्न सकिन्छ र यतिखेर कृषक बास्तोलालाई पाकेको मरिच टिप्न व्यस्त हुनुहुन्छ । मरिचखेतीले उहाँलाई आम्दानी मात्र दिएन, विभिन्न जडीबुटी लगाएर व्यावसायिक कृषिमा लाग्न प्रेरित पनि गरेको छ। लगभग ३० रोपनी क्षेत्रफलमा फैलिएको उहाँको पर्माकल्चर फर्ममा विभिन्न प्रजातिका महत्वपूर्ण जडीबुटी, अगरउड, रक्तचन्दन, रातोकेरा, सितलचिनी, फलफूललगायतका विभिन्न ५५० भन्दा बढी प्रजातिका बोटबिरुवा हुर्केका छन् । घरबाट बाहिर निस्केपछि कुनै न कुनै प्रजातिका बिरुवा ल्याएर रोप्दै गर्दा जेठोबुढो धान उत्पादन गर्ने जग्गामा समेत हरियाली बनेको उहाँको फर्ममा अहिलेसम्म कुनै पनि विषादी प्रयोग भएको छैन, कम्पोष्ट मल प्रयोग गर्दै आउनुभएको छ। सरकारीस्तरबाट हालसम्म कुनै पनि सुविधा प्राप्त नभएको बताउँदै उहाँले थप्नुभयो, विषादी र रासायनिक मल प्रयोग नगर्ने फर्मलाई राज्यले चिन्न सकेको छैन। कृषक बास्तोलाले उत्पादित मरिचको फल बिक्रीबाट मात्र नभई पछिल्लो समय बिरुवा उत्पादन गर्दै आउनुभएको छ । यस वर्ष ब्याडमा दुई हजार बिरुवा उत्पादन भएका छन् । बिरुवा बिक्रीबाट ५० हजारभन्दा बढी आयआर्जन गर्ने लक्ष्य रहेको छ । बिरुवाको माग बढेको छ प्रतिबिरुवा ३०० का दरले बिक्री गर्दै आएको बताउँदै उहाँले भन्नुभयो, "यस वर्ष पोखरा महानगरपालिका-१९ पुरन्चौरस्थित ठूलढुङ्गा सामुदायिक वन उपभोक्ता समूहले ३०० वटा मरिच र पिपला र पूर्वबाट पनि ५० मरिचको बिरुवाको माग रहेको उहाँको भनाइ छ।

पछिल्लो समय घरबाटै बिरुवा बिक्री हुने गरेका छन् । उत्पादन गरेको बिरुवा बिक्री हुँदैन कि भन्ने छैन, बिस्तारै माग बढ्दै गएको छ। आगामी वर्ष १० हजार बिरुवा उत्पादन गर्ने लक्ष्य रहेको छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले केही समयअघि उहाँको फर्मको अवलोकन गरी उहाँले उत्पादन गर्नुभएको बिरुवा महानगरले खरिद गरेर कृषकलाई वितरण गर्ने योजना सुनाउनु भएपछि बास्तोला झनै हौसिनु भएको छ। उहाँका अनुसार पाकेको मरिचको गेडालाई एक दिन पानीमा भिजाउने गाईको गोबरसँग मिसाएर राम्ररी रगडेर पखालेर तयार भएको बीउलाई नर्सरी ब्याडमा रोपिन्छ । यो एक महिनाभित्र उम्रिन्छ र डेढ महिनामा रोप्नको लागि तयार हुन्छ । मरिचलाई कलमी, बडिङ, ग्राफ्टिङ, कटिङ (जरा र काण्ड) द्वारा प्रसारण गरिन्छ । माघ फागुनतिर माउबोटबाट दुईदेखि तीनवटा आँख्ला भएको हाँगा काटेर रोपिन्छ । कलमीलाई चाहिँदो छायाँ र पानी दिनुपर्दछ। फल दिन सुरु गरेको २० वर्षसम्म राम्रो आम्दानी दिए पनि बिस्तारै उत्पादनमा कमी आउने गरेको उहाँको भनाइ छ।

पोखरा महानगरपालिका-२८ स्याङखुदी टारीमा कृषक सूर्यमोहन बास्तोलाको पर्माकल्चर फर्म आयआर्जन र वातावरणीय हिसावले जिल्लाकै महत्वपूर्ण फर्म मात्र नभएर विदेशीहरूका लागि अनुसन्धानको केन्द्र पनि बनेको छ। चार दशक अघिदेखि स्वदेशमै सम्भावना देखेर कृषि कर्ममा लाग्नु भएको उहाँको अमृत कुञ्ज अर्गानिक पर्माकल्चर कृषि फर्ममा अहिलेसम्म विभिन्न देशका एक सयभन्दा बढीले काम गरेर फर्केका छन् । उहाँका अनुसार फर्ममा इटली, चीन, अमेरिका, जर्मनी, स्वीजरल्याण्ड, जापान, पाकिस्तान, भारत, बंगलादेश, क्यानडालगायत विभिन्न १५ देशका अनुसन्धानकर्ता, विद्यार्थीहरू आई काम गरेका छन् । उनीहरू १५ दिनदेखि दुई महिनासम्म आफ्नो परिवारको सदस्य जस्तै गरेर बस्ने र वारी खन्ने, घाँस काटने, मल बोक्ने, मरिच टिप्ने लगायतका सम्पूर्ण काम गर्ने गरेको उहाँको भनाइ छ । वेगनास तालको जलाधार क्षेत्रमा पर्ने उक्त स्थान मरिचको लागि उपयुक्त वातावरण भएको प्रमाणीत गरेको पोखरा महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । लहरेवाली मरिच नेपालमा एक महत्वपूर्ण मसला बाली हो। जुन विशेषगरी पहाडी क्षेत्रमा खेती गरिन्छ। किसानहरूलाई आर्थिक रूपमा सहयोग पुर्‍याउने यस बालीको विस्तारका लागि महानगरले पहल शुरु गरेको कडरिया बताउनुहुन्छ।

उहाँको अनुसार मसलाको राजा भनेर चिनिने मरिच बहुवर्षे सदावार, लहर झाङ हुने बाली हो। यसको बोट लहरे झाङ हुने भएकाले यसलाई सहाराको आवश्यकता पर्दछ । यसको वानस्पतिक नाम पाइपर निग्रम हो जुन पिपरेसी परिवारअन्तर्गत वनस्पति जगतमा पर्दछ । यो बालीमा मुख्य तत्व पाइपेरिन पाइन्छ जसले यसलाई पिरो बनाउँछ । सामान्यतया हामीले प्रयोग गर्ने गरेको मरिच पाकेर सुकाइएको हुन्छ जसलाई पाइपेरिकन भनिन्छ।

मरिच विशेषगरी दक्षिणी भारतरित उत्पत्ति भएको मानिन्छ, उष्ण प्रदेशीय मुलुकहरूमा जताततै खेती गरिएको देख्न सकिन्छ । विश्वमा भियतनाम, भारत, ब्राजिल, मलेसिया, इन्डोनेसिया, चीन र श्रीलङ्कामा यसको व्यावसायिक रूपमा उत्पादन गरिन्छ । हालको तथ्याङ्कअनुसार भियतनाम विश्वकै सबैभन्दा धेरै मरिच उत्पादन र निर्यात गर्ने देशका रूपमा परिचित छ, जसले विश्वको ३४ प्रतिशत मरिच उत्पादन गर्दछ । नेपालमा मोरङ, सुनसरी, झापा, रामेछाप र लमजुङलगायतका जिल्लाहरूमा मरिचको खेती गरेको पाइन्छ।

कालो मरिचको प्रयोग विभिन्न परिकारमा मसलाको रूपमा प्रयोग गरिन्छ भने विभिन्न आयुर्वेदिक औषधि बनाउन पनि प्रयोग हुने गर्दछ। खाना पचाउने, भोक लाग्ने, खोकीको उपचार, श्वासप्रश्वास र मुटु रोगका लागि प्रयोग गरिनाका साथै दन्तमञ्जन तथा टुथपाउडरमा समेत प्रयोग हुने गरेको छ। विश्वमा अत्यधिक प्रयोग गरिएका जातहरूमा वेलानकोट्ठा, कोट्नदान गुणस्तरीय मानिन्छन् भने पन्नियुर हाइब्रिड जातमा पर्दछन् । यसलाई सामुदायिक वन क्षेत्रमा समेत लगाउन सकिन्छ।

मरिच विशेषगरी न्यानो, आद्र, हावापानी र बढी वर्षामा हुने, उष्ण प्रदेशीय बाली हो । पहाडी क्षेत्रको न्यानो तथा बढी आद्रता भएको ठाउँमा पनि यसको व्यावसायिकखेती गर्न सकिन्छ । समुद्री सतहदेखि एक हजार ५०० मिटरसम्म खेती गर्न सकिने यो बालीलाई दुई हजारदेखि तीन हजार मिमी पानी चाहिन्छ भने सापेक्षित आद्रता ६० देखि ९० प्रतिशत उपयुक्त हुने तथ्याङ्क रहेको छ।

# खानेपानी टंकी निर्माण सहमति पत्र आदान प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

लायन्स क्लब पोखरा अन्नपूर्ण द्धारा बिभिन्न ८ वटा क्लबलाई लायन बर्ष २०२५/२०२६ विभिन्न बिद्यालयमा खानेपानी टंकी निर्माणको लागि सहमति पत्र हस्तातरण गर्ने काम सम्पन्न भयो।



उक्त पत्रमा लायन्स क्लब पोखरा अन्नपूर्णका अध्यक्ष गणेश छबिले लायन्स क्लब पोखरा हेमजा, लायन्स क्लब पोखरा समृद्धि, लायन्स क्लब फिष्टेल सिटी, लायन्स क्लब पोखरा गण्डकी, लायन्स क्लब पोखरा अन्नपूर्ण नाइस, लायन्स क्लब पोखरा गण्डकी यूथ, लायन्स क्लब पोखरा अन्नपूर्ण र लियो क्लब पोखरा अन्नपूर्ण का अध्यक्षहरुलाई सहमति पत्र प्रदान गर्नु भयो। सो अवसरमा परियोजना निर्देशक सोनाम साङपोले सन २०१७ देखि संचालन थालनी भएको यो कार्यक्रम आज सम्म पोखरा वरिपरि ४८ वटा विद्यालयमा यो परियोजना सम्पन्न भई सकेको आजको परियोजना अन्नपूर्ण गाउँ पालिका देखि मादी गाउँ पालिकाका बिद्यालयलाई समेटेको बताउनुभयो । प्रत्येक बिद्यालयलाई रु दुई लाखको दरले प्रदान गरिने उक्त रकम बेलायतमा अध्ययन गर्ने साना साना बिद्यार्थीहरुले खाजाको रकम कटाएर दिएको बताउनु भयो। सो अवसरमा लायन्स क्लब पोखरा हेमजा का अध्यक्ष दुर्गा प्रसाद पौडेल, लायन्स क्लब पोखरा समृद्धिका अध्यक्ष सन्ध्या लिगल बानिया चण्डीका आधारभूत बिद्यालयका प्रधानाध्यापक देवी कुमारी गुरुङ ले बिद्यालयलाई शुद्ध खानेपानी टंकी निर्माणको लागि सहयोग गरेकोमा धन्यबाद दिनुभयो । उक्त परियोजनाको पहिलो खानेपानी टंकी अन्नपूर्ण गाउँ पालिका वडा नं २ स्थित माछापुच्छे उच्च मा.बि. नाउँडाडामा जुलाई २ मा शिलान्यास गरिने लायन्स क्लब पोखरा अन्नपूर्ण का अध्यक्ष गणेश छबिले बताउनुभयो।

# छुवाछूत उन्मूलन दिवसका अवसरमा सार्वजनिक बिदा दिन माग

**रासस**
काठमाडौं, २१ जेठ

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले जातीय भेदभाव तथ छुवाछूत उन्मूलन दिवसको दिन प्रत्येक वर्ष जेठ २१ गते सार्वजनिक बिदा दिनुपर्नेमा जोड दिनुभएको छ।

उन्नाइसौँ जातीय भेदभाव तथ छुवाछूत उन्मूलन दिवस दिवसको अवसरमा राष्ट्रिय दलित आयोगले यहाँ आज आयोजना गरेको कार्यक्रममा उहाँले भन्नुभयो, "सरकारले आजको दिनलाई सार्वजनिक बिदा दिनुपर्छ भनेर माननीय सदस्यहरुले संसद्मा आवाज उठाइरहनुभएको छ, त्यसतर्फ सरकारले आवश्यक निर्णय गरोस् भन्ने मैले यस अवसरमा आग्रह गर्दछु।" आज पनि हाम्रो समाजमा दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सेवा र राज्यका निकायमा सहज पहुँच अपेक्षा गरेअनुसार सुनिश्चित हुन नसकेको उहाको भनाइ छ। अध्यक्ष दाहालले दलित समुदायबारे संविधानले प्रत्याभूत गरेका अधिकारहरू व्यवहारमा कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै बहुसङ्ख्यक दलित समुदायका बालबालिका अझै पनि गुणस्तरीय शिक्षाबाट वञ्चित भएको बताउनुभयो।

स्वास्थ्य सेवामा पहुँच कमजोर छ र रोजगारीका अवसरहरूमा उनीहरूको सहभागिता न्यून रहेको उहाको भनाइ छ। हिजोको छुवाछूत र असमान व्यवहार कानुनी रूपमा निषेध भए तापनि व्यावहारिक जीवनमा अझै हिंसा, सामाजिक बहिष्कार र अपमानजनक व्यवहारको रूपमा देखिने गरेका हामीले देख्दै भोग्दै आइरहेका छौँ, उहाँले भन्नुभएको छ। सार्वजनिक ठाउँमा पहुँचबाट वञ्चित गरिनु, धर्म, संस्कार वा परम्पराका नाममा सामूहिक कार्यमा सहभागी हुन अवरोध पुर्‍याउनु, दलित समुदायभित्र पनि दलित महिलामाथि हुने दोहोरो शोषणले नेपाली सामाजिक अवस्था चित्रण गरेको उहाले बताउनुभयो।

यस्ता व्यवहार अन्त्य गर्न कानुनी प्रावधानहरू पर्याप्त भए तापनि कार्यान्वयनमा चुनौती कायमै छन, छुवाछूत तथा जातीय भेदभावसम्बन्धी मुद्दाहरूमा अनुसन्धान ढिलो हुने, विभिन्न कानुनी छिद्रहरूको प्रयोग गरेर दोषीहरूले उन्मुक्ति पाउने स्थिति, कतिपय सन्दर्भमा सरकारी निकायहरुमै देखिने पक्षपातपूर्ण व्यवहार र पीडितमैत्री संरचनाको अभावले पीडित समुदायलाई थप पीडित बनाएको यथार्थलाई हामी सबैले भोगेका छौँ, उहाले भन्नुभयो। सामाजिक सांस्कृतिक रूपमा रहेका खराब सोचलाई बदल्न कानुनी प्रावधानका साथसाथै व्यापक रूपमा जनचेतना फैलाउन परिवर्तनको सुरूआत आफैंबाट गर्नुपर्ने पनि उहाले बताउनुभयो।


## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०८२/०२/२२ गते)**

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट विभिन्न ऋण शीर्षक अन्तर्गत ऋण उपभोग गर्नु भएकोमा उक्त ऋणको समय-समयमा तिर्नु बुझाउनु पर्ने साँबा, व्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई सहकारीसँग गरेको ऋण सम्बन्धी शर्त कबुलियतको उल्लङ्घन गर्नुभएकोले पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत ऋणको साँवा, व्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउने तर्फ कुनै पहल नगरेको हुनाले निजको नाममा यस सहकारीमा रहेका सम्पूर्ण ऋणहरु चुक्ता, भुक्तानी गर्नुहुन् यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र सहकारीमा सम्पर्क राखी बुझाउनु पर्ने साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ताभुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र सहकारी बीच भए गरेका शर्त सम्झौता, सहकारीको नियम, सम्बन्धी ऐन २०७४ तथा अन्य प्रचलित कानूनले सहकारीलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित व्यक्तिलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्न लेखी पठाई ऋणोको धितो सुरक्षण स्वरुप सहकारीलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई सहकारीको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही अगाडि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी सहकारीले धितो सकारेमा वा लिलाम बिक्रीबाट सहकारीको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणीको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सुसूचित गरिन्छ।

**तपशील**

| क्रं.स | ऋणी सदस्यको विवरण | धनजमानी सदस्यको विवरण | धितो रहेको सम्पति विवरण | रकम |
|---|---|---|---|---|
| १. | नामः बाल मुकुन्द कक्षपती<br>बाबुको नामः गोपाल<br>बाजेको नामः नारायण भक्त<br>नागरिकता नं.: ९१२७३<br>जारि मितिः २०५७/०२/३१<br>जिल्ला प्रशासन कार्यालय (काभ्रेपलान्चोक) | नामः चन्द्रमण वि.क<br>ठेगानाः पोखरा १९, लामाटोल<br>नागिरता नंः १२५३७६<br>जारी मितिः २०४०/०४/२०<br>जारी जिल्लाः कास्की<br>वुवाको नामः<br>सम्पर्क नंः ९८०६५०२५९५ | जिल्लाः कास्की, महतगौडा<br>पोखरा म.न.प.-१७<br>क्षेत्रफलः ७९.५० वर्ग मिटर<br>नक्सा सिट नं.: ०९३१०८००९<br>कित्ता नं.: ११० | ६३,००,०००/-<br>(अक्षेरुपी त्रिसठी लाख) |

**कदम बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१४, कदम मार्ग, कास्की**
**फोन नं. ०६१-५९०२५६**


# जातीय विभेदविरूद्ध मुस्ताङमा बाजागाजासहित र्‍याली

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ जेठ

'नेपालभरका दलितहरू एक हौँ' भन्ने नाराका साथ यहाँ आज बाजागाजासहित र्‍याली निकालिएको छ। १९औँ जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिले जोमसोममा र्‍याली तथा अन्तरक्रिया गरेको हो।

र्‍यालीपछि आयोजित अन्तरक्रियामा प्रशासन, प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय, नागरिक समाज र पत्रकारलगायत सहभागी थिए। नेपाल दलित मुक्ति सङ्गठनका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश इञ्चार्ज भीमबहादुर रसाइलीले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । इञ्चार्ज रसाइलीले राष्ट्रिय रूपमा राज्यले जातीय छुवाछुत तथा उन्मूलन दिवस घोषणा गरेपनि यसका अवशेषहरू विद्यमान रहेको बताउनुभयो।

यस्तै दलित मुक्ति समाज नेपाल मुस्ताङका संस्थापक अध्यक्ष तिलक विकले दलितहरूको समुत्थान र न्यायका लागि दलित एकता हुनुपर्ने जिकिर गर्नुभयो। मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जातीयताका आधारमा कुनै पनि वर्ग र समुदाय माथि हुने हिंसा, भेदभाव र असमानता कानुनी रूपमा क्षम्य नहुने बताउनुभयो । कार्यक्रममा विभिन्न वक्ताहरूले दलित वर्ग माथि हुने हिंसा, विभेद र असमानताविरूद्ध आफ्ना भनाइ राखेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासङ्घ मुस्ताङ शाखाका सचिव आदित्य रसाइली जातीय छुवाछुत तथा उन्मूलनका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।